नेपाल सरकार
स्वास्थ्य बीमा बोर्ड
बबरमहल, काठमाडौं

फोन नः ०१-४१००२२३
टोल फ्रि: १६६००१११२२४
बबरमहल, काठमाडौं

पत्र संख्या: २०८१।०८२
च.नं १४६९

मितिः २०८२।०३।२९

श्री स्थानीय तह, (सबै)।

विषयः प्रथम सेवा विन्दु विस्तार सम्बन्धमा।

प्रस्तुत विषयमा स्वास्थ्य बीमा कार्यक्रम प्रभावकारी तथा सहज रुपमा कार्यान्वयन गर्ने सन्दर्भमा देश भरका प्रथम सेवा विन्दुको रुपमा अनुमति प्राप्त सबै सरकारी स्वास्थ्य संस्थाबाट प्रथम सेवाको सूविधा प्राप्त गर्ने सक्ने व्यहोरा यस बोर्डबाट निर्णय भई अवगत भैसकेको छ। संघीय तथा विशेषज्ञ अस्पताल, विशिष्टीकृत अस्पताल र प्रतिष्ठानहरुमा स्वास्थ्य बीमाको प्रथम सेवा विन्दु रहन नसक्ने कानुनी तथा व्यवहारिक व्यवस्थालाई मध्यनजर गरी विगतमानै तहाँ स्थानीय तहहरुलाई आधारभुत अस्पताल तथा प्राथमिक स्वास्थ्य केन्द्रहरुबाट प्रथम सेवा विन्दु सञ्चालन गर्ने सक्ने अवस्था, भौतिक पुर्वाधार, जनशक्ति तथा अन्य आधारभुत मापदण्ड पुरा गर्ने तर्फ ध्यान दिने विषयमा पत्राचार भएको व्यहोरा जानकारी नै होला।हालसालै सार्वजनिक गरिएको सूची अनुसार संघीय तथा विशेषज्ञ अस्पताल, विशिष्टीकृत अस्पताल र प्रतिष्ठानहरुमा स्वास्थ्य बीमाको प्रथम सेवा विन्दु नभई प्रेषण केन्द्र मात्र रहने जानकारी उपर बीमित तथा सरोकारवालाहरुको गुनासो तथा सोधपुछ प्राप्त हुन आएको हुँदा स्वास्थ्य बीमा ऐन, २०७४ (प्रथम संशोधन २०८२)को दफा ९ को उपदफा (६) बमोजिम प्रथम सेवा विन्दु प्रयोजनका लागि प्रत्येक स्थानीय तहमा कम्तीमा एउटा सेवा प्रदायक स्वास्थ्य संस्था रहने व्यवस्था भएकोले तहाँ स्थानीय तह अन्तर्गतका कुन कुन सेवा प्रदायक स्वास्थ्य संस्थाहरुमा स्वास्थ्य बीमाको प्रथम सेवा विन्दु आवश्यक पर्ने हो र प्रथम सेवा विन्दुका लागि अपुग भएका मापदण्ड कति समयमा सम्पन्न गर्न सकिन्छ, सो विषयमा बोर्डलाई जानकारी गराउन हुन निर्णयानुसार अनुरोध छ।

पुनश्चः तहाँ स्थानीय तहबाट प्राप्त हुने प्रथम सेवा विन्दुको माग र प्रस्तावित प्रथम सेवा विन्दुको न्यूनतम अपुग मापदण्ड एक महिना भित्रमा पुरा गर्ने प्रतिबद्धता समेतको आधारमा स्वास्थ्य बीमा बोर्डले नयाँ प्रथम सेवा विन्दु थप गर्ने सम्बन्धमा आवश्यक निर्णय लिने व्यहोरा सबैको जानकारीको लागि अनुरोध छ।

विकेश मल्ल
जनस्वास्थ्य अधिकृत

<u>बोधार्थ</u>

श्री सूचना प्रविधि शाखा, स्वास्थ्य बीमा बोर्ड, (Website मा प्रकाशित गर्नुहुन)
श्री प्रदेश कार्यालय, स्वास्थ्य बीमा बोर्ड,सबै (आवश्यक सहजिकरण गर्नुहुन)
श्री जिल्ला सम्पर्क शाखा कार्यालय, स्वास्थ्य बीमा बोर्ड, सबै (आवश्यक सहजिकरण गर्नुहुन)